कैलारी गाउँपालिका

KAILARI RURAL MUNICIPALITY

गाउँ कार्यपालिकाको कार्यालय

OFFICE OF THE RURAL MUNICIPAL EXECUTE

हसुलिया,कैलाली

सुदूरपश्चिम प्रदेश, नेपाल

विषादी र सुक्ष्म खाद्य तत्व खरिदको लागि दरभाउ पेश गर्ने सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मिति : 2083/06/16)

(दरभाउ पत्र नं. :KRM/DP/PESTICIDE/12/2083/84)

यस कैलारी गाउँ कार्यपालिकाको आ.व. २०८३/८४ को आकस्मिक बाली संरक्षण सहयोग कार्यक्रम अन्तर्गत यस कैलारी गाउँपालिका भित्रका कृषकहरुलाई आकस्मिक रुपमा बालनालीमा रोग तथा किराको प्रकोप बढी देखिने र बालीहरुको बृद्धि विकासको लागि बिषादी र सुक्ष्म खाद्यतत्व खरिद गरी कृषकहरुलाई वितरण गर्न को लागि यो सूचना प्रकाशित भएको मितिले ७ दिन भित्र तपसिल बमोजिमको शर्तको अधिनमा रहि दरभाउ पत्र पेश गर्नु हुन यो सूचना प्रकासित गरिएको छ।

शर्तहरु:

१. दररेट पेश गर्ने फर्म/कम्पनीले अनिवार्य रुपमा दररेट पेश गर्ने सम्बन्धि व्यहोराको लिखित निवेदन सहित नवीकरण भएको फर्म दर्ता प्रमाणपत्रको प्रतिलिपि, मु.अ. कर दर्ता प्रमाणपत्रको प्रतिलिपि र आ.व. २०८१/०८२ को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि पेश गर्नुपर्नेछ।

२. दररेट पेश गर्ने फर्म/कम्पनी यस कैलारी गाउँपालिकाको कार्यालयमा सुचिकृत भएको हुनुपर्नेछ।

३. उक्त कार्यको लागत अनुमान मु.अ.कर सहित रु.३,९३,३३०।– अक्षेरुपी तिन लाख त्रियानब्बे हजार तिन सय तिस मात्र कायम गरीएको छ।

४. दरभाउ पत्र फाराम सूचना प्रकाशित मितिबाट ७ दिन भित्र कार्यालय समयमा रु. १,०००।– रु. एक हजार मात्र (फिर्ता नहुने गरी) बुझाई यस कार्यालयको राजस्व शाखाबाट BoQ खरिद गर्न सकिनेछ र BoQ मा भएको Product name र Specifiacations अनुसार आफुले कबोल गरेको रकम अंक र अंक्षरमा स्पष्ट बुझिने गरी लेखेर पेश गर्नुपर्नेछ। केरमेट भएको रकम मूल्यांकनमा समाबेश गरिने छैन।

५. सूचना प्रकाशित भएको मितिबाट ८ औं दिनको दिउँसो १२:०० बजे भित्र दरभाउ पत्र यस कार्यालयमा दर्ता गरिसक्नुपर्नेछ। रितपुर्वक दर्ता हुन आएका दरभाउ पत्र सोही दिन दिउसो २:०० बजे सम्बन्धीत व्यक्ती, फर्म वा कम्पनी निजले तोकेको प्रतिनिधीको रोहवरमा खोलिनेछ। तर सम्बन्धीत व्यक्ति, फर्म वा कम्पनीले तोकेको प्रतिनिधीहरु उपस्थित नभएमा पनि दरभाउ पत्र खोल्न बाधा पर्ने छैन।

६. खरिद गर्ने अन्तिम दिन वा पेश गर्ने अन्तिम दिन सार्वजनिक विदा परेमा कार्यालय खुलेको दिन दरभाउपत्र खरिद वा पेश गर्न सकिनेछ।

७. माथि उल्लेखित बाहेकको शर्तहरु नेपाल सरकारको प्रचलित कानुन बमोजिम हुनेछन् ।

२०८३/३/१६

दल बहादुर धामी

प्रमुख प्रशासकीय अधिकृत

दल बहादुर धामी

प्रमुख प्रशासकीय अधिकृत

Phone No. : 091-545013, 545015, Web Site : www.kailarimun.gov.np, Email Address :- kailarigaupalika@gmail.com